# कृष्णपुर राजपत्र

कृष्णपुर नगरपालिकाद्धारा प्रकाशित

खण्ड : १, ७ नं. प्रदेश, गुलरिया, कञ्चनपुर, वैशाख ०२ गते आईतबार, २०७५ साल संख्या : ५

**भाग :- ३**


# कृष्णपुर नगरपालिका

## आधारभूत तहको अन्तिम परीक्षा सञ्चालन कार्यविधि २०७४

**स्थानिय सरकार सञ्चालन** ऐन, २०७४ परिच्छेद ३ नगरपालिकाको अधिकार अन्र्तगत दफा ११ (२) ज (१४) मा आधारभुत तथा माध्यमिक शिक्षा सम्बन्धी आधारभूत तहको परीक्षा सञ्चालन गर्ने गराउने भनी व्यवस्था भएको तर नगरपालिकाको शिक्षा ऐन तथा नियमावली नबनी सकेको अवस्थामा परीक्षा सञ्चालन गर्नुपर्ने भएकाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ ले दिएको अधिकार प्रयोग गरी कृष्णपुर नगर कार्यपालिकाले यो आधारभूत तहको अन्तिम परीक्षा सञ्चालन कार्यविधि २०७४ जारी गरेको छ ।

## परिच्छेद १

### प्रारम्भिक

### संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ (१) यो कार्यविधिको नाम "आधारभूत तहको अन्तिम परीक्षा सञ्चालन कार्यविधि, २०७४" रहेको छ ।

(२) यो कार्यविधि, नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो कार्यविधि, तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "कार्यपालिका" भन्नाले कृष्णपुर नगरपालिका नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(ख) "कोष" भन्नाले नगरपालिकाको शैक्षिक कार्यक्रम संचालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनुपर्छ ।

(ग) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको नगरपालिका सम्झनुपर्छ ।

(घ) "निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृतलाई सम्झनुपर्छ ।

(ङ) "परीक्षा समिति" भन्नाले नियम २ बमोजिम गठन हुने परीक्षा संचालन तथा समन्वय समितिलाई सम्झनुपर्छ ।

(च) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले हालको पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनुपर्दछ ।

(छ) "प्रधानाध्यापक" भन्नाले नियमानुसार नियुक्त भएको विद्यालयको प्रधानाध्यापक सम्झनुपर्छ ।

(ज) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(झ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख कार्यकारी अधिकृतलाई सम्झनुपर्छ ।

(ञ) "व्यवस्थापन समिति" भन्नाले नियमानुसार गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ट) "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

(ठ) "शिक्षा शाखा" भन्नाले नगरपालिकामा रहेको शिक्षा हेर्ने शाखा वा ईकाईलाई सम्झनुपर्छ ।

(ड) "शिक्षा समिति" भन्नाले स्थानीय तहको कार्यपालिकाको कुनै सदस्यले नेतृत्व गरेको स्थानीय तहको सभाले गठन गरेको शिक्षा सम्बन्धि समिति सम्झनुपर्छ ।

(ढ) "शुल्क" भन्नाले विद्यालयले नियम बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनुपर्छ ।

(ण) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनुपर्छ ।

(त) "सामुदायिक शिक्षक" भन्नाले समुदायद्वारा व्यवस्थित विद्यालयमा कार्यरत शिक्षक सम्झनुपर्छ ।

(थ) "संस्थागत विद्यालय" भन्नाले निजी लगानीमा संचालन गर्ने गरी नियमानुसार अनुमती पाई स्थापित विद्यालयलाई सम्झनुपर्छ ।

# परिच्छेद २

## पाठ्यक्रम तथा परिक्षा संचालन र समन्वय

### १. पाठ्यक्रम र पाठ्यसामाग्री :

(१) स्थानीय तहका विद्यालयहरुमा पठन पाठन हुने पाठ्यक्रम मौजुदा पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरे बमोजिम हुनेछ ।

### (२).परीक्षा संचालन तथा समन्वय समिति :

(१) नगरपालिकाको विद्यालयहरुमा आधारभूत तहको अन्तिम परीक्षा संचालन तथा समन्वयको लागि देहायको ७ सदस्यीय एक परीक्षा संचालन तथा समन्वय समिति रहनेछ ।

(क) प्रमुख प्रशासकिय अधिकृत -अध्यक्ष

(ख) प्रमुख, सम्वन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय -सदस्य

(ग) सम्बन्धित स्थानीय तहमा रहेको माध्यमिक तह, आधारभूत तह एवम् संस्थागत विद्यालयका शिक्षकहरु मध्येबाट कम्तिमा एकजना महिला पर्ने गरी समितिले मनोनित गरेका चार जना -सदस्य

(घ) स्रोतव्यक्ति -सदस्य

(च) शिक्षा अधिकृत -सदस्य-सचिव

(२) परीक्षा संचालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ । मनोनित सदस्यहरुको पदावधी २ शैक्षिक सत्रको हुनेछ ।

(३) परीक्षा समितिले सम्बन्धित विषयका विशेषज्ञलाई परीक्षा समितिको बैठकमा भाग लिन आमन्त्रित गर्न सक्नेछ ।

(४) स्थानीय तहको क्षेत्राधिकार बाहिरको शैक्षिक तहको परीक्षा संचालन गर्न सम्बन्धित निकायवाट भएको व्यवस्था बमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

(५) आधारभूत तह कक्षा ८ को परीक्षा बाहेक अन्य परीक्षा समितिले निर्धारण गरेको मापदण्ड वमोजिम विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्नेछ । सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुबाट परीक्षा शुल्क उठाउन पाइने छैन ।

(६). संस्थागत विद्यालयले परीक्षा शुल्क बापतको रकम जम्मा गर्नुपर्नेः परीक्षा सञ्चालन गर्दा शिक्षा समितिले तोके वमोजिमको शुल्क सम्वन्धित संस्थागत विद्यालयले स्थानीय संचित कोषमा जम्मा गर्नुपर्नेछ । संस्थागत विद्यालयले तोकिएको रजिष्ट्रेशन, परीक्षा तथा प्रमाणपत्र बापतको विद्यार्थीहरुबाट लिएको शुल्क परिक्षा संचालन गर्ने निकायको खातामा जम्मा गरी त्यसको जानकारी समेत दिनु पर्नेछ ।

## (३) परीक्षा संचालन तथा समन्वय समिति को काम कर्तब्य र अधिकार

परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(१) आफ्नो सुपरिवेक्षणमा परीक्षाहरु संचालन गर्ने गराउने । परीक्षा केन्द्र निर्धारण र केन्द्राध्यक्ष नियुक्त गर्ने ।

(२) परीक्षा सम्बन्धी आचार संहिता तयार गरी लागू गर्ने गराउने ।

(३) परीक्षा संचालन गर्ने सम्बन्धमा परीक्षा सम्बन्धी आवश्यक निर्देशिका बनाई सोही अनुरुप परीक्षा संचालन गर्ने गराउने ।

(४) समितिबाट संचालन हुने परीक्षा सम्बन्धी शुल्क तोक्ने ।

(५) परीक्षाको निम्ति आवश्यक प्रश्नपत्रहरु तयार गर्ने गराउने ।

(६) प्रश्नपत्र परिमार्जन गर्ने, गराउने ।

(७) उत्तरपुस्तिका परीक्षण, सम्परीक्षण र पुनर्योग गर्ने, गराउने ।

(८) अनियमित ढङ्गबाट परीक्षा संचालन गर्ने गराउने कार्यमा संलग्न कर्मचारी तथा परीक्षामा अनियमित कार्यगर्ने परीक्षार्थीलाई केन्द्राध्यक्षको सिफारिसका आधारमा आवश्यक कारवाही गर्ने ।

(९) नतिजा प्रकाशनमा कुनै त्रुटी देखा परेमा सो को निवारण परीक्षा समितिद्वारा टेवुलेशन गरिएको अंक फाराम बमोजिम हुनेछ ।

(१०) परीक्षा र परीक्षार्थी सम्बन्धी आवश्यक अन्य काम, कारवाही गर्ने गराउने ।

(११) परीक्षा संचालन गरी परीक्षाको परीक्षाफल प्रकाशन र पाठ्यक्रममा तोकेको ढाँचामा लब्धाङ्क र प्रमाणपत्र प्रदान गर्ने, गराउने ।

(१२) नगरपालिका स्तरमा प्रश्नपत्र बैंक खडा गर्ने, गराउने ।

(१३) परीक्षा सम्बन्धी कार्यमा संलग्न पदाधिकारी र कर्मचारीहरुको विवरण, कार्य विवरण,सेवा सुविधा र कालो सूची तयार गर्ने, गराउने ।

(१४) आवश्यकता अनुसार परीक्षा उप-समितिहरु गठन गर्ने ।

(१५) परीक्षा समितिले आफूमा निहित अधिकार उप-समिति, कार्यटोली, केन्द्राध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(१६) परीक्षा सम्बन्धी वार्षिक बजेट तथा कार्यक्रम नगर शिक्षा समिति समक्ष पेश गर्ने ।

(१७) आवश्यकता अनुसार उत्तरपुस्तिका परीक्षण केन्द्रहरु कायम गर्ने ।

(१८) कुनै परीक्षाकेन्द्रमा अनियमितता भएमा आवश्यकता अनुसार परीक्षा बदर गरी पुन परीक्षा गराउने र त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने ।

(१९) दैवी प्रकोप वा अन्य कुने कारणबाट निर्धारित समयका परीक्षा सञ्चालन हुन नसकेमा वा परीक्षाफल प्रकाशन गर्न नसकिएमा तुरुन्त आवश्यक निर्णय लिने र परीक्षासंग सम्वन्धित बाधा अड्काउहरु टुङ्गो लगाउने ।

आज्ञाले,
महेश बहादुर बम
प्रमुख प्रशासकीय अधिकृत